दर्ता नं. : ११८१५९/२०७०/०७१
इजाजत नं.: ने.रा.बैंक/इ.प्रा./"घ"/३९/०७१/७२

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.

## Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

च.नं.१०९६/०७७/०७८
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

मिति :-२०७८/०१/२६

**विषय : त्रैमासिक विवरण पेश गरिएको सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा, श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड र साबिकको उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड बीच भएको धितोपत्र सुचिकरण सम्झौता पत्रको शर्त नं. ८ बमोजिम शेयर मुल्यमा प्रभाव पार्ने संगठित संस्थासंग सम्वन्धित कुनै पनि सूचना वा जानकारी नेपाल स्टक एक्सचेन्जलाई दिन मन्जुर छ भने व्यवस्था बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७७/०७८ को तेस्रो त्रैमासिक अपरिश्कृत विवरण तयार पारी यसै पत्र साथ सम्लग्न गरी पेश गरिएको व्यहोरा अनुरोध छ ।

सम्लग्न :
१. आ.व. २०७७/२०७८ को तेस्रो त्रैमासिक विवरण थान १

भवदीय,

.............................
(नारायण अधिकारी)
नि.प्रमुख कार्यकारी अधिकृत
नि॰प्रमुख कार्यकारी अधिकृत

केन्द्रीय कार्यालय, ठेगाना : सिद्धार्थनगर नगरपालिका–१२, रुपन्देही, फोन नं. :०७१–५२११२७,०७१–५२११२ ६ फ्याक्स नं. : ०७१–५२११२७
उन्नति लघुवित्त वित्तीय संस्था लिमिटेडले सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको

# उन्नति सहकार्य लघुवित्त वितीय संस्था लि.

# Unnati Sanakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था
दर्ता नं. : ११८१५२/२०७०/०७१

Central Office : Si.Na.Pa. 12, Rupandehi, Nepal Phone No. 071-521126, 521127

Unaudited Financial Result as on 3rd Quarter (2077/12/31) of the Fiscal Year 2077/078

Rs. in '000'

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to1.7)** | **3833807.25** | **3215199.34** | **2125576.09** |
| 1.1 | Paid up Capital | 176169.71 | 149536.65 | 88275.00 |
| 1.2 | Reserve and Surples | 114101.79 | 124161.45 | 85955.92 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 2545835.80 | 1991131.54 | 1195593.92 |
| 1.5 | **Deposits (a+b)** | **933502.27** | **891872.47** | **672339.95** |
| | a. Member | 933502.27 | 891872.47 | 672339.95 |
| | b. Public | | | |
| 1.6 | Income tax Liability | 29958.75 | 20245.84 | 14345.07 |
| 1.7 | Other Liabilities | 34238.93 | 38251.38 | 69066.23 |
| 2 | **Total Assets (2.1 to 2.7 )** | **3833807.25** | **3215199.34** | **2125576.09** |
| 2.1 | Cash and Bank Balance | 637159.71 | 442809.52 | 268790.00 |
| 2.2 | Money at Call and Short Notice | 151528.77 | | |
| 2.3 | Investments | 1000.00 | 1000.00 | 1000.00 |
| 2.4 | Loan and Advances | 2970383.35 | 2687262.92 | 1814911.65 |
| 2.5 | Fixed Assets | 38325.42 | 33114.70 | 15994.42 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 35409.99 | 51012.21 | 24880.02 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 293790.62 | 186412.28 | 220904.21 |
| 3.2 | Interest Expense | 121723.90 | 83609.05 | 120226.30 |
| | ***A. Net Interest Income(3.1-3.2)*** | **172066.72** | **102803.23** | **100677.91** |
| 3.3 | Fees, Commission and Discount | 221.83 | 186.94 | 1119.51 |
| 3.4 | Other Operating Income | 47276.99 | 30881.66 | 34307.16 |
| 3.5 | Foreign Exchange Gain/Loss(Net) | | - | - |
| | ***B. Total Operating Income (A+3.3+3.4+3.5)*** | **219565.53** | **133871.84** | **136104.58** |
| 3.6 | Staff Expenses | 81718.20 | 52438.94 | 47694.85 |
| 3.7 | Other Operating Expenses | 26681.94 | 14775.54 | 20981.20 |
| | ***C. Operating Profit Before Provision ( B-3.6-3.7 )*** | **111165.39** | **66657.36** | **67428.53** |
| 3.8 | Provision For Possible Losses | 630024.37 | 566790.77 | 16280.64 |
| | ***D. Operating Profit ( C-3.8 )*** | **-518858.98** | **-500133.41** | **51147.89** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provisicn for Possible Loss | 629817.33 | 575,118.02 | 1,450.70 |
| | ***E. Profit from Regular Activities (D+3.9+3.10)*** | **110958.35** | **74984.61** | **52598.59** |
| 3.11 | Extraordinary Income/expenses (Net) | - | - | - |
| | ***F. Profit before Bonus and Taxes ( E+3.11)*** | **110958.35** | **74984.61** | **52598.59** |
| 3.12 | Provision for Staff Bonus | 11095.84 | 7498.46 | 4781.69 |
| 3.13 | Provision for Tax | 29958.75 | 20245.84 | 14345.07 |
| | ***G. Net Profit / Loss (F-3.12-3.13)*** | **69903.76** | **47240.30** | **33471.83** |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding previous Year Quarter** |
| 4.1 | Capital fund to RWA | 8.98% | 10.31% | 9.55% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 4.91% | 1.89% | 1.87% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 56.55% | 146.28% | 119.14% |
| 4.4 | Cost of Funds | 4.29% | 5.28% | 9.16% |
| 4.5 | CD Ratio(Calculated as per NRB Directives) | 275.33% | 265.37% | 276.09% |

Note : Figures may change subject to instructions if any, from statutory regulatory authorities.

| | Interest Rate | |
|---|---|---|
| 1 | **Deposit** | 5 % - 8.5% |
| 2 | **Loan and Advance** | 14 % - 15% |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनूसुची १४

( नियम २६ को उपनियम (१) संग सम्बन्धित )

## आ.व. २०७७/२०७८ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा, नोक्सान सम्बन्धि विवरण यस वित्तीय संस्थाको आ.व.२०७७/०७८ को तेस्रो त्रैमासिक नाफा/नोक्सान तथा २०७७ चैत्र मसान्तसम्मको वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

**प्रति शेयर आम्दानी अनुपात : ५२.९१, मुल्य आम्दानी अनुपात : ४५.९७, प्रति शेयर नेटवर्थ : १६४.७७, प्रति शेयर कुल सम्पत्तिको मुल्यः २,१७६.२०, तरलता अनुपात २२.६७**

**२. व्यवस्थापकीय विश्लेषण :**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धि विवरण :** कारोवारको बृद्धिसंगै वित्तीय संस्थाको मौज्दात सन्तोषजनक रहेपनि,चैत्र महिनामा आम्दानी सन्तोषजनक रुपमा बृद्धि भएको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण :** यस वित्तीय संस्थाले हालसम्म २८ जिल्लामा ८२ बटा शाखाहरु मार्फत आफ्नो कारोवार संचालन गरिरहेको छ । संस्थाले कृषि, पशुपालन तथा लघुउद्यम, साना व्यवसाय संचालनका लागि विशेष गरि महिलालाई केन्द्रित गरेर लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ । समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ । लघुवित्तको पहुच नपुगेको जिल्ला तथा ग्रामीण क्षेत्रमा कार्यक्रम विस्तार गर्न प्राथमिकता दिइनेछ ।

**(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** विश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (COVID–19) बाट सृजना भएको विषम परिस्थितिका कारण देशमा आर्थिक गतिविधि पूर्ण रुपले संचालन नभईसकेको अवस्थामा तेस्रो त्रैमासमा नियमित तथा भाखा नाघेको कर्जा असुली लक्ष्य अनुसारको प्रगति हुन सकेन जसका कारण थप कर्जा नोक्सानी व्यवस्था गर्नुपर्दा आम्दानी तथा नाफामा प्रतिकुल प्रभाव परेको छ । तथापि संस्थाले तय गरेको नीतिबाट हाल देखिएका समस्याहरु समयमै समाधान गर्दै लैजाने योजना रहेको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको कुनै सूचना प्राप्त भएको छैन ।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) दोस्रो बजारमा हुने शेयर सम्बन्धि कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाईट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्यूनतम मुल्य | अन्तिम मूल्य | कारोवार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| २,७६१ | १,४८८ | २,४३२ | ५९ | २,३५,७२९ |

**५. समस्या तथा चुनौती :**

(क) विश्वब्यापी रुपमा फैलिरहेको कोरोना भाईरसको (COVID-19) महामारीको कारण नेपाल लगायत विश्व अर्थतन्त्र वित्तीय संकुचन र संकटमा रहेको छ, जसमा नेपालको लघुवित्त क्षेत्र पनि अछुतो रहन नसकेको एवं यस महामारी नियन्त्रणको लागि नेपाल सरकार तथा स्थानीय सरकारद्धारा बेला बेलामा जारी गरेको लकडाउन/निशेधाज्ञाको अवस्थामा यस वित्तीय संस्थाका सदस्यहरु र ऋणीहरुले नियमित वचत, कर्जाको किस्ता भूक्तानी लगायत वित्तीय कारोवार संचालनमा समस्या भैरहेको छ ।

(ख) यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, दक्ष जनशक्तिको अभाव जस्ता चुनौतीहरु रहेको छ ।

**६ संस्थागत सुशासन :**

(क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरुको पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ ।

(ख) संस्थागत सुशासन परिपालनाको लागि वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा सुविधा विनियमावली, आर्थिक प्रशासन विनियमावली, सूचना तथा प्रविधी प्रणाली निर्देशिका, जोखिम ब्यवस्थापन निती, कर्जा नीति,आन्तरिक लेखा परीक्षण निर्देशिका, ग्राहक पहिचान कार्यविधि,लगानी नीति नगद कारोवार व्यवस्थान निर्देशिका सम्पति दायित्व ब्यवस्थापन निर्देशिका,कर्मचारी पारिश्रमिक निर्धारण नीति, कर्मचारी दक्षता अधिवृद्धि सम्बन्धि कार्यविधि, सन्चालक निर्वाचन निर्देशिका, सन्चालक शिक्षाा कार्यक्रम कार्यविधि, समूह सन्चालन निर्देशिका, ग्राहक संरक्षणकोष सञ्चालन कार्यविधि, कर्मचारी मोटरसाइकल कर्जा निर्देशिका, कर्मचारी सामाजिक कर्जा कार्यविधि, संस्थागत सामाजिक उत्तरदायित्व कोष संचालन कार्यविधि आदि नीतिनियम तथा निर्देशिका बनाई पालना गरिएको छ ।

(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तहमा लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति , कर्मचारी सेवा सुविधा र सम्पत्ति शुद्धिकरण अनुगमन समिति गठन गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना जानकारीहरु लुकाईएको छैन ।